# प्रदेश राजपत्र

## प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

**खण्ड ३) बुटवल, रूपन्देही, जेठ १४ गते, २०७६ साल (अतिरिक्ताङ्क १८**


## भाग १

## प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन नं. १६

# प्रदेश नं. ५ सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**<u>प्रस्तावना</u>:** सहकारी सिद्धान्त, मूल्य र मान्यता अनुरूप प्रदेश भित्रका कृषक, कालिगढ, श्रमिक, न्यून आय समूह एवम् सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित संगठनको रुपमा सहकारी संघ संस्थाहरुको प्रवर्द्धन गर्न, सहकारी व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, दिगो र समाजवादउन्मुख प्रादेशिक अर्थतन्त्रको विकास तथा सुशासनको सुनिश्चितताद्वारा सहकारीलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरुको दर्ता, सञ्चालन, प्रवर्द्धन एवम् नियमनसम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश नं. ५, प्रदेश सभाले यो ऐन बनाई जारी गरेको छ ।

## परिच्छेद - १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "प्रदेश नं. ५, सहकारी ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) **"आन्तरिक कार्यविधि"** भन्नाले सहकारी संस्थाले दफा २४ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ ।

(ख) **"कसूर"** भन्नाले दफा ८६ बमोजिमको कसूर सम्झनुपर्छ ।

(ग) **"तोकिएको"** वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(घ) **"दर्ता अधिकारी"** भन्नाले दफा ७६ बमोजिमको दर्ता अधिकारी सम्झनुपर्छ ।

(ङ) **"परिवार"** भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ ।

तर, सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(च) **"बचत"** भन्नाले सदस्यले सहकारी संस्थाको बचत खातामा जम्मा गरेको रकम सम्झनुपर्छ ।

(छ) **"मन्त्रालय"** भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनुपर्छ ।

(ज) **"मुख्य कारोबार"** भन्नाले संस्था वा संघले सञ्चालन गरेको व्यवसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारमा कम्तीमा तीस प्रतिशत भन्दा बढी हिस्सा भएको कारोबार सम्झनुपर्छ ।

(झ) **"लेखा सुपरिवेक्षण समिति"** भन्नाले दफा ४४ बमोजिमको लेखा सुपरिवेक्षण समिति सम्झनुपर्छ ।

(ञ) **"विनियम"** भन्नाले सम्बन्धित सहकारी संघ वा संस्थाको दफा २३ बमोजिम बनाएको विनियम सम्झनुपर्छ ।

(ट) **"शेयर"** भन्नाले सहकारी संघ वा संस्थाको शेयर पूँजीको अंश सम्झनुपर्छ ।

(ठ) **"सञ्चालक"** भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ ।

(ड) **"सदस्य"** भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनुपर्छ ।

(ढ) **"समिति"** भन्नाले दफा ३७ को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ ।

(ण) **"सहकारी संस्था"** भन्नाले संस्था वा संघ सम्झनुपर्छ । सो शब्दले सहकारी बैंकलाई समेत जनाउँछ ।

(त) **"संघ"** भन्नाले दफा ४, ५, ६, ७ र ८ बमोजिम गठन भई दफा १२ बमोजिम दर्ता भएका संघ सम्झनुपर्छ ।

(थ) **"संस्था"** भन्नाले दफा ३ बमोजिम गठन भई दफा १२ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय संस्था सम्झनुपर्छ ।

(द) **"संस्थाको व्यवसाय"** भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ ।

(ध) **"साधारण सभा"** भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनुपर्छ।

## परिच्छेद - २

## सहकारी संस्थाको गठन तथा दर्ता

३. **संस्थाको गठनः** (१) कम्तीमा तीस जना नेपाली नागरीक आपसमा मिली विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रमिक, युवा, महिला लगायतले आफ्नो श्रम वा सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्रजना नेपाली नागरिक भए पनि संस्था गठन गर्न सक्नेछन् ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिका क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने संस्था गठन गर्दा कम्तीमा एकसय जना नेपाली नागरिकको सहभागिता हुनुपर्नेछ । गाउँपालिका र वडाको क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने संस्था गठन गर्दा कम्तिमा पचास जना नेपाली नागरिकको सहभागीता हुनुपर्नेछ।

(४) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) वा (२) मा उल्लिखित संख्या पुगेको हुनु पर्नेछ ।

तर, दफा ३ (१) बमोजिम संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन ।

४. **जिल्ला विषयगत सहकारी संघको गठनः** सहकारी व्यवसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्य गर्न दफा ३ को उपदफा (१) बमोजिम दर्ता भई कार्यरत रहेका कम्तिमा एघार वटा संस्थाहरूले आपसमा मिली आफ्नो विषयको जिल्ला विषयगत सहकारी संघ गठन गर्न सक्नेछन् ।

तर, नेपाल सरकारले "क" वर्ग भनी तोकेका दुर्गम क्षेत्रका जिल्लाहरूमा कम्तीमा छ वटा विषयगत संस्थाहरू आपसमा मिली जिल्ला विषयगत सहकारी संघ गठन गर्न सक्नेछन् ।

५. **जिल्ला सहकारी संघको गठनः** (१) सहकारी व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुर्‍याउन दफा ३ को उपदफा (१) बमोजिम दर्ता भएका कम्तिमा पन्ध्र वटा संस्था वा जिल्ला विषयगत सहकारी संघहरू आपसमा मिली जिल्ला सहकारी संघ गठन गर्न सक्नेछन् ।

तर नेपाल सरकारले "क" वर्ग भनी तोकेका दुर्गम क्षेत्रका जिल्लामा कम्तिमा सातवटा संस्थाहरू आपसमा मिली जिल्ला सहकारी संघ गठन गर्न सक्नेछन् ।

(२) यसरी संघ गठन गर्दा दर्ता भएका जिल्ला भरिका पचास प्रतिशत भन्दा बढी विषयगत सहकारी संघलाई संलग्न गरिएको हुनुपर्नेछ।

६. **प्रदेश विषयगत सहकारी संघको गठनः** सहकारी व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुर्‍याउन दफा ३ को उपदफा (१) बमोजिम दर्ता भएका कम्तीमा चार वटा जिल्लाका पच्चीस

वटा विषयगत सहकारी संस्थाहरू वा जिल्ला विषयगत सहकारी संघहरू मिली आफ्नो विषयको प्रदेश विषयगत सहकारी संघ गठन गर्न सक्नेछन्।

तर, यसरी संघ गठन गर्दा दर्ता भएका प्रदेश भरिका पचास प्रतिशत भन्दा बढी जिल्ला विषयगत सहकारी संघहरू समावेश गरिएको हुनुपर्नेछ ।

७. **<u>प्रदेश सहकारी संघको गठनः</u>** सहकारी व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन दफा ३ को उपदफा (१) बमोजिम दर्ता भएका कम्तीमा पाँचवटा जिल्लाका एकतीस वटा संस्था वा जिल्ला विषयगत सहकारी संघ वा जिल्ला सहकारी संघ वा प्रदेश विषयगत सहकारी संघ आपसमा मिली प्रदेश सहकारी संघको गठन गर्न सक्नेछन् ।

तर, यसरी संघ गठन गर्दा प्रदेशभरी दर्ता भएका जिल्ला विषयगत सहकारी संघहरू, जिल्ला सहकारी संघहरू र प्रदेश विषयगत सहकारी संघहरू प्रत्येकको पचास प्रतिशत भन्दा बढी संघहरू समावेश गरिएको हुनुपर्नेछ ।

८. **<u>विशिष्टिकृत सहकारी संघको गठनः</u>** (१) दफा १२ बमोजिम दर्ता भएका कम्तीमा पाँच वटा बहुउद्देश्यीय र विषयगत संस्थाहरूले आपसमा मिली जलविद्युत आयोजना, रासायनिक मल कारखाना, आवासीय परियोजना, यातायात, भारी कृषि उपकरण, फलफूल, जडिबुटी, कृषि तथा पशुजन्य उपज प्रशोधन, भण्डारण, बजारीकरण, चिनी उद्योग, शीत भण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला जस्ता ठूला लगानी

चाहिने उत्पादन कार्य गर्न वा सदस्यका साझा आवश्यकताका वस्तु वा सेवाको परिपूर्ति गर्न विशिष्टिकृत संघको गठन गर्न सक्नेछन् । यो पूर्ण रूपले व्यवसायिक संस्था हुनेछ । यसलाई कुनै संघ, महासंघमा प्रतिनिधित्व गर्ने र मतदान गर्ने अधिकार रहने छैन ।

(२) उपदफा (१) बमोजिमको विशिष्टिकृत सहकारी संघको सञ्चालन सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

९. **<u>संघ गठन गर्न नसकिने</u>:** दफा ४, ५, ६ र ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक जिल्लामा एकै प्रकृतिको एक भन्दा बढी जिल्ला विषयगत सहकारी संघ वा जिल्ला सहकारी संघ, एक प्रदेशमा एकै प्रकृतिको एकभन्दा बढी प्रदेश विषयगत सहकारी संघ वा प्रदेश सहकारी संघ गठन गर्न सकिने छैन ।

१०. **<u>दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न नहुने</u>:** कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न हुँदैन ।

११. **<u>दर्ताको लागि दरखास्त दिनु पर्ने</u>:** (१) यस ऐन बमोजिम गठन हुने देहाय बमोजिमका सहकारी संस्थाले दर्ताका लागि दर्ता अधिकारी समक्ष अनुसूची १ को ढाँचामा दरखास्त दिनु पर्नेछः

(क) जिल्ला विषयगत सहकारी संघ,

(ख) जिल्ला सहकारी संघ,

(ग) प्रदेश विषयगत सहकारी संघ,

(घ) प्रदेश सहकारी संघ,

(ङ) एक स्थानीय तह भन्दा बढी तर प्रदेश कार्यक्षेत्र भएका प्रदेश विशिष्टिकृत सहकारी संघ,

(च) एक भन्दा बढी जिल्ला तर प्रदेशभित्र मात्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरू,

(छ) एक भन्दा बढी स्थानीय तह कार्यक्षेत्र भएका सहकारी संस्थाहरू।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ देहाय बमोजिमका कागजात संलग्न गर्नु पर्नेछः

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण,

(घ) तोकिए बमोजिमका अन्य विवरण ।

१२. <u>**दर्ता गर्नुपर्नेः**</u> (१) दफा ११ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितका कागजात छानबिन गर्दा देहाय बमोजिम भएको पाइएमा दर्ता अधिकारीले दरखास्त परेको मितिले एक्काईस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची २ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी सिद्धान्त, मान्यता र मूल्य अनुरूप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा दर्ता अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले सात दिनभित्र निवेदकलाई सूचना दिनु पर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका एकभन्दा बढी स्थानीय तह वा जिल्ला कार्यक्षेत्र रही प्रदेश तहसम्म कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ र यो ऐन प्रारम्भ भएको छ महिनाभित्र त्यस्ता संस्थाले यस ऐन बमोजिम दर्ता अधिकारी समक्ष आफ्नो दर्ता प्रमाणपत्र र अन्य विवरण पेश गरी अद्यावधिक गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम सहकारी संस्था दर्ता गर्दा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नु पर्ने गरी कुनै शर्त तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम शर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

(६) सहकारी संस्थाले दर्ता भएको छ महिनाभित्र सम्बन्धित प्रदेश सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ, विशिष्टीकृत सहकारी संघ तथा सहकारी बैङ्कको सदस्यता लिन सक्नेछ ।

१३. **<u>दर्ता गर्न अस्वीकार गर्न सक्नेः</u>** (१) दफा ११ को उपदफा (१) मा उल्लिखित अवस्था नभएमा, सोही दफा बमोजिम विनियम संशोधनका

लागि सूचना दिएको अवधिभित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले पन्ध्र दिनभित्र विनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुनेगरी विनियम संशोधन नगरेमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता अधिकारीले कारण खुलाई तीन दिनभित्र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

१४. **<u>सहकारी संस्था सङ्गठित संस्था हुनेः</u>** (१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) सहकारी संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

(३) सहकारी संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, बिक्री वा अन्य व्यवस्था गर्न सक्नेछ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

१५. **<u>सहकारी संस्थाको कार्यक्षेत्रः</u>** (१) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाहरूको कार्यक्षेत्र यसै ऐन बमोजिम कायम भएको मानिनेछ ।

तर, यो ऐन प्रारम्भ भएपछि ती संस्थाहरूले एक वर्षभित्र देहायका विवरण खोली दर्ता अधिकारी समक्ष यो ऐन प्रारम्भ हुँदाका बखतसम्मको कार्य सञ्चालन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(क) मौजुदा कार्यक्षेत्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसारको सदस्यता बिस्तारको अवस्था,

(ख) मौजुदा कार्यक्षेत्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसारको व्यवसायिक सेवा सञ्चालनको अवस्था, र

(ग) तोकिए बमोजिमका अन्य विवरण ।

(२) दर्ता हुँदाका बखत एक स्थानीय तहभित्र कार्यक्षेत्र कायम गरी व्यवसाय सञ्चालन गरेका सहकारी संस्थाले यस ऐन तथा सहकारी सम्बन्धी संघीय कानून बमोजिम कार्य क्षेत्र बिस्तार गरी एक स्थानीय तह वा जिल्लाभन्दा बढी र एक प्रदेश तहभित्र कार्यक्षेत्र कायम गर्न सक्नेछन् ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत आयोजना, शिक्षा, भाषिक, साहित्यिक, सांस्कृतिक, स्वास्थ्य सेवा, सार्वजनिक यातायात, सञ्चार, विशेष कृषि वा वनजन्य पैदावारको उत्पादन, सञ्चय वा प्रशोधन गर्ने जस्ता व्यवसायिक क्षेत्र एवम् सदस्यहरूको सहभागिता बिस्तारका कारण प्रारम्भमै फराकिलो कार्यक्षेत्र आवश्यक पर्ने संस्थाको कार्यक्षेत्र दर्ता गर्दाका बखत नै तोकिएको आधारमा एक स्थानीय तह वा जिल्ला वा एकभन्दा बढी जिल्ला वा प्रदेशभर कायम गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम कार्य सञ्चालन प्रतिवेदन पेश भएपछि दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी सम्बन्धित सहकारी संस्थालाई देहाय बमोजिम कार्यक्षेत्र पुनःनिर्धारण गर्न निर्देशन दिन सक्नेछः

(क) उपदफा (१) को खण्ड (क) बमोजिमको विवरणमा उल्लिखित सदस्यता बिस्तार नभएको वा तोकिएको संख्या भन्दा कम सदस्यता बिस्तार भएको वा भौगोलिक निरन्तरता नभएको, जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने,

(ख) उपदफा (१) को खण्ड (ख) बमोजिमको विवरणमा कुनै व्यवसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यवसायिक सेवा सञ्चालन भएको देखिएको जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने,

(ग) संस्थाको सञ्चालन खर्च धान्ने गरी व्यवसायिक कार्यकुशलता बढाउन र संस्था सञ्चालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम राख्न तोकिए बमोजिमको प्रकृया नपुऱ्याएको अवस्थामा अतिरिक्त जिल्ला स्थानीय तह वा वडा झिकी उपयुक्त कार्यक्षेत्र कायम राख्ने,

(घ) व्यवसायिक एवम् प्रवर्द्धनात्मक सेवाका लागि जिल्ला वा प्रदेश विषयगत सहकारी संघ वा जिल्ला वा प्रदेश

सहकारी संघको सदस्यताको प्राप्तिलाई सहज तुल्याउन अतिरिक्त जिल्ला, स्थानीय तह वा वडा झिकी उपयुक्त कार्यक्षेत्र कायम राख्ने ।

(५) उपदफा (४) बमोजिम दर्ता अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम सम्बन्धित सहकारी संस्थाले तोकिएको अवधिभित्र आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण नगरेमा दर्ता अधिकारीले सहकारी सम्बन्धी प्रचलित कानूनको अधीनमा रही त्यस्तो सहकारी संस्थाको कार्यक्षेत्र तीन महिनाभित्र पुनःनिर्धारण गर्नेछ ।

(७) उपदफा (६) बमोजिम दर्ता अधिकारीले कार्यक्षेत्र पुनःनिर्धारण गरिदिएकोमा चित्त नबुझ्ने सहकारी संस्थाले कार्यक्षेत्र पुनःनिर्धारणको जानकारी पाएको मितिले पैंतीस दिनभित्र मन्त्रालय समक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त निवेदनमा मन्त्रालयले साठी दिनभित्र पुनरावलोकन गरिसक्नु पर्नेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनःनिर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ ।

(१०) कार्यक्षेत्रको विस्तार तथा कार्यक्षेत्रको पुनःनिर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. **जानकारी दिनु पर्ने:** एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र वा एक जिल्ला भन्दा बढी कार्यक्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूले सेवा सञ्चालन गर्दा सञ्चालित सेवाको विवरण सहित दर्ता अधिकारीलाई जानकारी दिनु पर्नेछ ।

१७. **सहकारी वर्गीकरणः** (१) सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछः

(क) उत्पादक सहकारी संस्थाः कृषि (अन्नबाली, तेलहन बाली, मसलाबाली, दुग्धपदार्थ, चिया, कफि, उखु, फलफूल, तरकारी, पशुपालन, माछा, दूध, मह आदि) जडिवुटी उद्योग, खानी, उर्जा, वन पैदावार आदि सम्बन्धी कार्य गर्ने संस्था ।

(ख) उपभोक्ता सहकारी संस्था ।

(ग) सेवा सहकारी संस्थाः थोक तथा खुद्रा, बजार, भण्डारण, ढुवानी, यातायात, सञ्चार, पर्यटन, पूर्वाधार, प्रकाशन, विद्यालय, विश्वविद्यालय, प्राविधिक शिक्षालय, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, तालीम तथा प्रशिक्षण, परामर्श सेवा, स्वास्थ्य सेवा, एम्वुलेन्स सेवा, आवास, होटल तथा रेष्टुराँ, ट्राभल, पार्क तथा उद्यान, सभास्थल, व्यायमशाला, सिँचाइ, विद्युत वितरण, खानेपानी, फोहोरमैला व्यवस्थापन, कवाडी सामग्री सङ्कलन तथा बिक्री लगायतका कार्य गर्ने संस्था ।

(घ) वित्तीय सहकारी संस्थाः सहकारी बैङ्क, बचत तथा ऋणको कारोबार, विप्रेषण सेवा तथा बीमा कारोबार गर्ने संस्था ।

(ङ) श्रमिक सहकारी संस्थाः श्रम तथा सीपमा आधारित श्रमिकहरूको स्वामित्वमा स्थापना भएको सहकारी संस्था ।

(च) बहुउद्देश्यीय सहकारी संस्थाः दुई वा दुईभन्दा बढी विषयको कारोबार गर्ने सहकारी संस्था ।

(२) उपदफा (१) मा उल्लिखित सहकारी संस्थाहरूको अतिरिक्त अन्य संस्थाहरू गठन गर्न बाधा पर्ने छैन ।

१८. <u>**कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नसक्नेः**</u> (१) दफा १२ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरे पछि संस्था वा संघले दफा २१ बमोजिमको उद्देश्य प्राप्तिका लागि यस ऐन र विनियमको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था वा संघले उपदफा (१) बमोजिम कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन ।

तर, त्यस्तो कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नुपर्नेछ ।

यसरी अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनका लागि सहकारी संस्थाले दिएको आवदेनलाई सम्बन्धित निकायले प्राथमिकतामा राखी प्रचलित कानून बमोजिमको कारबाही गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्था वा संघले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी दर्ता अधिकारीलाई दिनु पर्नेछ ।

(४) दुई वा दुईभन्दा बढी संस्था वा संघले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको विस्तार र बजारीकरणका लागि यस ऐनको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् ।

(५) उपदफा (४) बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नेसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था वा संघले उपदफा (१) बमोजिम सञ्चालन गर्ने कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको उत्पादन सहकारी ब्राण्डमा बिक्री बितरण गर्न सक्नेछन् ।

तर, प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट त्यस्तो ब्राण्ड प्राप्तिको स्वीकृति लिनुपर्ने रहेछ भने सो बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(७) संस्था वा संघले उत्पादन गरेको वस्तुहरूको उत्पत्तिको प्रमाण पत्र जारी गर्ने प्रक्रिया र आधार प्रचलित कानून बमोजिम हुनेछ ।

१९. **दायित्व सीमित हुने:** (१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

(२) सहकारी संस्थाको नाममा "सहकारी" र नामको अन्त्यमा "लिमिटेड" भन्ने शब्द राख्नु पर्नेछ ।

२०. **सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नुपर्ने:** सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## संस्था वा संघको उद्देश्य तथा कार्य

२१. **संस्था वा संघको उद्देश्य:** कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नति गर्नु संस्था वा संघको मुख्य उद्देश्य हुनेछ ।

२२. **संस्था वा संघको कार्य:** संस्था वा संघका कार्यहरू देहाय बमोजिम हुनेछः

(क) सहकारीका सिद्धान्त, मूल्य र मान्यताहरूको पालना गर्ने, गराउने,

(ख) सदस्य र आफ्नो व्यवसायको हित प्रवर्द्धन तथा सोको बजारीकरण गर्ने, गराउने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालीम प्रदान गर्ने,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,

(च) संस्था वा संघको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(छ) मन्त्रालय तथा दर्ता अधिकारीको निर्देशन पालना गर्ने, गराउने,

(ज) सदस्य संस्था वा संघमा सुशासन प्रवर्द्धन गर्ने, गराउने,

(झ) संस्था वा संघको बीचको पारस्परिक सहयोग अभिवृद्धि गर्ने, गराउने,

(ञ) विनियममा उल्लिखित कार्यहरू गर्ने ।

## परिच्छेद - ४

## विनियम तथा आन्तरिक कार्यविधि

२३. **विनियम बनाउनु पर्ने:** (१) सहकारी संस्थाले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधिनमा रही आफ्नो कार्य सञ्चालनका लागि विनियम बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम दर्ता अधिकारीबाट स्वीकृत भए पछि लागू हुनेछ ।

२४. **आन्तरिक कार्यविधि बनाउन सक्ने:** (१) सहकारी संस्थाले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधि र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागू हुनेछ । आन्तरिक कार्यविधि संचालक समितिले निर्माण गरी लागू गर्ने र त्यसपछि बस्ने साधारण सभाले अनुमोदन गर्नुपर्नेछ ।

२५. **विनियम र आन्तरिक कार्यविधिमा संशोधनः** (१) सहकारी संस्थाको साधारण सभाको कूल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि कार्यविधि संशोधन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम दर्ता अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ । संस्थाहरुले सम्बन्धित बिषयको विषयगत जिल्ला सहकारी संघ तथा जिल्ला सहकारी संघमा सदस्यता लिन सक्नेछ तथा संघहरुले संस्थाहरुको अनुगमन, क्षमता अभिवृद्धि र विकास जस्ता विषयमा ध्यान दिनु पर्नेछ ।

## परिच्छेद - ५

## सदस्यता

२६. **संस्थाको सदस्यताः** (१) सोह्र वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिक संस्थाको सदस्य हुन सक्नेछन्,

(क) संस्थाको कार्य क्षेत्रभित्र बसोबास गरिरहेको,

(ख) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,

(ग) संस्थाको विनियममा उल्लिखित शर्तहरू पालना गर्न मञ्जुर गरेको,

(घ) संस्थाको जिम्मेवारी पालना गर्न मञ्जुर भएको,

(ङ) संस्थाले गरेको कारोबारसँग प्रतिस्पर्धा हुने गरी कारोबार नगरेको ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारका निकाय, स्थानीय तहका साथै संस्थाको कार्य क्षेत्रभित्रका सहकारी विद्यालय र सामुदायिक विद्यालय, गुठी, स्थानीय क्लब तथा अन्य गैह्र नाफामूलक संस्था, उत्पादन र सेवामूलक संस्था, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरू संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सहकारी संस्थाले अर्को कुनै सहकारी संस्थाको सदस्यता लिने सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

२७. **सदस्यता प्राप्त गर्न निवेदन दिनुपर्नेः** (१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले एक्काईस दिनभित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सोको कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था उपर दर्ता अधिकारी समक्ष उजूर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजूरी छानबिन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नुपर्ने देखिएमा दर्ता अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नका लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम कुनै आदेश प्राप्त भएमा सो आदेश प्राप्त गरेको सात दिनभित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता अधिकारीलाई दिनुपर्नेछ ।

२८. <u>**सदस्य हुन नपाउने:**</u> (१) कुनै व्यक्ति एकै प्रकृतिका एक स्थानीय तहका एकभन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन ।

तर, यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै संस्थामा दफा २६ को उपदफा (२) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए दुई वर्ष भित्र सदस्यता अन्त्य गर्नुपर्नेछ ।

२९. <u>**सदस्य हुन सक्ने:**</u> (१) दफा ४ बमोजिमको जिल्ला विषयगत सहकारी संघमा जिल्ला भित्रका विषयगत संस्थाहरू सदस्य हुन सक्नेछन् ।

(२) दफा ५ बमोजिमको जिल्ला सहकारी संघमा जिल्ला भित्रका संस्था र जिल्ला विषयगत सहकारी संघहरू सदस्य हुन सक्नेछन्।

(३) दफा ६ बमोजिमको प्रदेश विषयगत सहकारी संघमा प्रदेश भित्रका विषयगत संस्था र जिल्ला विषयगत सहकारी संघहरू सदस्य हुन सक्नेछन् ।

(४) दफा ७ बमोजिमको प्रदेश सहकारी संघमा प्रदेशभित्रका संस्था, जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ र प्रदेश विषयगत सहकारी संघ सदस्य हुन सक्नेछन् ।

(५) यस दफा बमोजिम सदस्यता लिने सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

३०. **सदस्यताको समाप्तिः** (१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछः

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) लगातार वार्षिक साधारण सभामा बिना सूचना तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यो ऐन र यस ऐनअन्तर्गत वनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(घ) संस्थाको सदस्यको हकमा दफा २६ बमोजिमको योग्यता नभएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नु पर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नुपर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म वा उत्पानमूलक संस्थामा भएको लगानीलाई फिर्ता गर्दा प्रतिकूल असर पर्ने अवस्थासम्म निजको सदस्यता समाप्त हुने छैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन ।

३१. **सुविधा प्राप्त गर्न नसक्नेः** कुनै सदस्यले सहकारी संस्थालाई तिर्नुपर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यो ऐन, यस अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लङ्घन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुविधा प्राप्त गर्नसक्ने छैन ।

## परिच्छेद - ६

## साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण सम्बन्धी व्यवस्था

३२. **साधारण सभाः** (१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रूपमा साधारण सभा हुनेछ ।

(२) सहकारी संस्थाका सबै सदस्य साधारण सभाका सदस्य हुनेछन् ।

(३) सहकारी संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा,

(ग) विशेष साधारण सभा ।

३३. **<u>प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकारः</u>** प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) आगामी आर्थिक वर्षका लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

३४. **<u>वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकारः</u>** वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा खारेजी र विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

३५. **<u>साधारण सभाको बैठकः</u>** (१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछः

(क) संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनु पर्ने भएमा,

(ख) दफा ४५ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरिवेक्षण समितिको सिफारिसमा,

ग) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,

(घ) समितिले कुनै खास कामका लागि विशेष साधारण सभा बोलाउने निर्णय गरेमा,

(ङ) विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाई पच्चिस प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(च) दफा ३६ को उपदफा (१) बमोजिम दर्ता अधिकारीले निर्देशन दिएमा,

(छ) दफा ३८ को उपदफा (२) बमोजिम दर्ता अधिकारीले आदेश दिएमा ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता अधिकारीलाई जानकारी दिई साधारण सदस्यहरू मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ ।

३६. **विशेष साधारण सभा बोलाउन निर्देशन दिनसक्नेः** (१) कुनै सहकारी संस्थाको निरीक्षण वा सुपरिवेक्षण गर्दा वा कसैको उजूरी परी छानबिन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछः

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरीत कार्य गरेमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीतको कार्य गरेमा,

(ग) दर्ता अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लंघन गरेमा,

(घ) दफा ३८ को उपदफा (२) बमोजिम दर्ता अधिकारीले आदेश दिएमा ।

(२) उपदफा (१) बमोजिम साधारण सभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारण सभाको बैठक बोलाउनु पर्नेछ र साधारण सभाको बैठकमा उजूरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारण सभा नबोलाएमा दर्ता अधिकारीले त्यस्तो साधारण सभा बोलाउन सक्नेछ ।

(४) सहकारी संस्थाको साधारण सभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत हुनेछ।

तर, पहिलो पटक बोलाइएको साधारण सभामा गणपूरक संख्या नपुगेमा त्यसको सात दिनभित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा सञ्चालक समितिको

बहुमत सहित एक तिहाई साधारण सदस्यहरूको उपस्थिति भएमा साधारण सभाको गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्य सूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा स्थानीय तहबाट वा वडाबाट सञ्चालक सदस्यहरूलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरू छनौट गरी त्यस्ता प्रतिनिधिहरूको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन पर्नेछ ।

३७. **सञ्चालक समितिः** (१) सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ ।

तर, एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटक भन्दा बढी सञ्चालक हुन पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको समितिमा कम्तीमा एक जना पदाधिकारी सहित तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

तर, महिला सदस्यको प्रतिनिधित्व वा साधारण सदस्य नरहेको अवस्थामा उपदफा (२) लागु हुने छैन ।

(३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुनसक्ने छैन ।

(४) कुनै सहकारी संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैङ्कबाहेक अर्को कुनै संस्थाको सञ्चालक बन्न पाउने छैन ।

तर, वार्षिक दुई करोड रुपैयाँ भन्दा कमको कारोबार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रूपमा काम गर्न बाधा पर्ने छैन । वार्षिक दुई करोडभन्दा बढी कारोबार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र त्यस्तो सञ्चालकले सञ्चालक वा कर्मचारीको पदमध्ये कुनै एक पद त्याग गर्नुपर्नेछ ।

(५) कुनै व्यक्ति एकै समयमा एक तहको एक मात्र सहकारी संस्थाको सञ्चालक हुन सक्नेछ ।

(६) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकै तहको एकभन्दा बढी सहकारी संस्थाको सञ्चालक वा सोही वा अर्को सहकारी संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र कुनै एक सहकारी संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ ।

(७) समितिको कार्यावधि चार वर्षको हुनेछ ।

(८) संघीय संसद, प्रदेश सभा, जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुख, नगरपालिकाका प्रमुख / उपप्रमुख / वडाध्यक्ष, गाउँपालिकाका प्रमुख / उपप्रमुख / वडाध्यक्ष पदमा वहाल रहेको व्यक्ति सहकारी संस्थाको सञ्चालक समिति र लेखा समितिको कार्यकारी पदमा रहन पाउने छैन ।

(९) कार्यकारी पद धारण गरेका संघीय संसद, प्रदेश सभा, जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुख, नगरपालिकाका प्रमुख/उपप्रमुख/वडाध्यक्ष, गाउँपालिकाका प्रमुख/उपप्रमुख/वडाध्यक्ष पदमा बहाल रहेको व्यक्ति सहकारी संस्थाको सञ्चालक समिति वा लेखा समितिको कार्यकारी पदमा निर्वाचित वा मनोनीत भएमा यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र आफ्नो पदबाट राजीनामा दिनु पर्नेछ ।

(१०) सहकारी संस्थाको दर्ता तथा नियमन गर्नको लागि स्थापित तिनै तहका सरकारको निकायमा कार्यरत कुनै पनि राष्ट्र सेवक कर्मचारीले सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित वा मनोनित हुन पाउने छैन । त्यस्तो निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित वा मनोनीत भएको भएमा यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र सञ्चालक समितिको पदबाट राजीनामा दिनु पर्नेछ ।

(११) समितिको बैठक कम्तीमा महिनाको एकपटक बस्नु पर्नेछ र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३८. **समितिको निर्वाचनः** (१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु अघि अर्को समितिको निर्वाचन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन दर्ता अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधि भित्र समितिको निर्वाचन गराई दर्ता अधिकारीलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघलाई कम्तीमा ७ दिन पहिले सूचना दिई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने, गराउनेछ ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मका लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

३९. **<u>समितिको काम, कर्तव्य र अधिकार:</u>** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

(घ) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) सहकारी संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने,

(च) सहकारी संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) शेयर हस्तान्तरण तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(ज) संघको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी अनुमोदनको लागि साधारण सभामा पेश गर्ने,

(ञ) सहकारी संस्थाको कार्यक्षेत्र भित्र संस्थाको कारोबार र व्यवसायको हीत प्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने, गराउने,

(ट) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

४०. <u>**सञ्चालक पदमा बहाल नरहनेः**</u> देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैन ।

(क) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा ४१ उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) निज समान प्रकृतिको एक भन्दा बढी अर्को सहकारी संस्थाको सञ्चालक रहेमा,

(घ) निज सोही वा अर्को सहकारी संस्थाको कर्मचारी रहेमा,

(ङ) निज सोही वा अर्को सहकारी संस्थाको लेखा सुपरिवेक्षण समितिको पदमा रहेमा,

(च) निजको मृत्यु भएमा ।

४१. **सञ्चालकलाई पदबाट हटाउन सक्नेः** (१) साधारण सभाले बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछ ।

(क) आर्थिक हिनामिना गरी सम्बन्धित सहकारी संस्थालाई हानि नोक्सानी पुऱ्याएमा,

(ख) अनधिकृत तवरले सम्बन्धित सहकारी संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा,

(ग) सम्बन्धित सहकारी संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुनेगरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित सहकारी संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रूपमा काम गर्न नसक्ने भएमा,

(च) कुनै सञ्चालकमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा ।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

४२. **निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुनेः** (१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनु हुँदैन ।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुनेगरी सहकारी संस्थामा कुनै कार्य गर्न, गराउन हुँदैन ।

(३) कुनै सञ्चालकले उपदफा (१) को विपरीत हुनेगरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे वा गराएमा त्यस्तो काम कारबाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट सहकारी संस्था, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानि नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानि नोक्सानी निजबाट असूल उपर गरिनेछ ।

४३. **समितिको विघटनः** (१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछ ।

(क) समितिको बदनियतपूर्ण कार्यबाट सहकारी संस्थाको कारोबार जोखिममा परेमा,

(ख) सहकारी संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरीतको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लिखित शर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लंघन गरेमा ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचन गर्नेछ ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दर्ता अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा ३६ को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा दर्ता अधिकारीले समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका विषय वस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधिभित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म सहकारी संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ ।

४४. **लेखा सुपरिवेक्षण समितिको गठनः** (१) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र कम्तीमा एक जना महिला सहित दुईजना सदस्यहरू रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै सहकारी संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

४५. **लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकारः** (१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट सहकारी संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भिर आर्थिक सङ्कटमा पर्न लागेकोमा सोको कारण खुलाई एक महिनाभित्र विशेष साधारण सभा बोलाउन समिति समक्ष सिफारिस गर्नेछ र समितिले साधारण सभा नबोलाएमा ७ दिनभित्र दर्ता अधिकारी समक्ष सभा बोलाउन सिफारिस गर्ने,

(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य सहकारी संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

## परिच्छेद - ७

## बचत तथा ऋण परिचालन

४६. **सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नुपर्नेः** (१) सहकारी संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्ने, सोको परिचालन गर्ने र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न पाउने छैन । बचत तथा ऋण सहकारी संस्थाहरुले अनिवार्य रुपमा लगानीको तीस प्रतिशत रकम कृषिजन्य उद्यम कार्यमा लगानी गर्नुपर्नेछ।

तर, यो ऐन प्रारम्भ हुनु अघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रूपमा दर्ता भई मुख्य कारोबारको रूपमा बचत तथा ऋणको कारोबार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्षभित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्नेगरी संस्थाहरूले मुख्य कारोबार गर्न सक्नेछन् ।

(३) सहकारी संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा संस्थाको कार्यविधिले तोके बमोजिम सेवा शुल्क लिन सक्नेछन् ।

(४) बचत र ऋणको ब्याजदर बीचको अन्तर पाँच प्रतिशत भन्दा बढी हुने छैन ।

(५) सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन ।

(६) सहकारी संस्थाले बचत रकम सदस्यबीच ऋण लगानी, नेपाल सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्र बैङ्कले जारी गरेको ट्रेजरी बिल खरीद गर्न बाहेक अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, फर्म वा कम्पनी वा कुनै बैङ्कको (सहकारी बैङ्क बाहेक) शेयर खरीद वा अन्य कुनै प्रयोजनमा उपयोग गर्नु हुँदैन ।

(७) विषयगत र संस्थागत हित अनुकुलसँग लगानी गर्न र सहकार्य तथा सहकारिता गर्न सक्ने उल्लेख गर्ने ।

(८) सहकारी संस्थाले प्राथमिक पूँजी कोषको पन्ध्र गुणासम्म बचत सङ्कलन गर्न सक्नेछ ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "प्राथमिक पूँजी कोष" भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनु पर्छ ।

(९) संस्था वा संघले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्नसक्ने छैन ।

४७. **<u>सन्दर्भ व्याजदर सम्बन्धी व्यवस्थाः</u>** (१) बचत तथा ऋणको सन्दर्भ व्याजदर संघीय सहकारी ऐन बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ ब्याजदर सहकारी संस्थाका लागि निर्देशक ब्याजदर हुनेछ ।

४८. **व्यक्तिगत बचतको सीमाः** संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्बन्धित संस्थाको विनियममा तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद - ८

## आर्थिक स्रोत परिचालन

४९. **शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यवस्थाः** (१) सहकारी संस्थाले आफ्नो सदस्यलाई शेयर बिक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले एकै सदस्यलाई आफ्नो कूल शेयर पूँजीको वीस प्रतिशत भन्दा बढी हुनेगरी शेयर बिक्री गर्नसक्ने छैन ।

तर, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन ।

(३) सहकारी संस्थाको शेयरको अङ्कित मूल्य प्रति शेयर एक सय रुपैयाँ हुनेछ ।

(४) सहकारी संस्थाको शेयर पूँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

(५) सहकारी संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन ।

(६) सहकारी संस्थाको मूलधनको रूपमा रहेको कुनै सदस्यको शेयर सोही सहकारी संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम बिक्री गरिने छैन ।

५०. **रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) बचत तथा ऋण सहकारीको हकमा कुनै सदस्यले सहकारी संस्थाको सदस्यता त्यागी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले तीन महिना भित्र निजको बाँकी रकम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(२) विषयगत र उत्पादन सहकारीको हकमा कुनै सदस्यले सहकारी संस्थाको सदस्यता त्यागी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले बढीमा एक वर्ष भित्र निजको बाँकी रकम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(३) सहकारी संस्थाले बचत खाताहरु सञ्चालन गर्न सक्नेछन् ।

५१. **ऋण वा अनुदान लिन सक्नेः** (१) सहकारी संस्थाले बैङ्क वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी बैङ्क वा निकायबाट ऋण वा अनुदान लिनु अघि मन्त्रालयको सिफारिसमा सहकारी सम्बन्धी प्रचलित संघीय कानून बमोजिम स्वीकृति लिनु पर्नेछ ।

५२. **नेपाल सरकारको सुरक्षण प्राप्त गर्नसक्नेः** (१) सहकारी संस्थाले विदेशी बैङ्क वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नुपर्ने भएमा त्यसको लागि मन्त्रालय मार्फत प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षण प्रदान गर्दा सम्बन्धित निकायले आवश्यक शर्त तोक्न सक्नेछ ।

## परिच्छेद - ९
## सहकारी संस्थाको कोष

५३. **सहकारी संस्थाको कोषः** (१) सहकारी संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछः

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रूपमा प्राप्त रकम,

(ग) ऋणको रूपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(च) स्थानीय सरकारबाट प्राप्त अनुदान रकम,

(छ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(ज) व्यवसायिक कार्यबाट आर्जित रकम,

(झ) सदस्यता प्रवेश शुल्क,

(ञ) सहकारी संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

५४. **जगेडा कोषः** (१) सहकारी संस्थामा एक जगेडा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः

(क) आर्थिक वर्षको खूद नाफा रकमको कम्तिमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थीर सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको कोषको रकम अविभाज्य हुनेछ।

५५. **संरक्षित पूँजी फिर्ता कोषः** (१) सहकारी संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ ।

(२) दफा ५४ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रूपमा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको रकम सदस्यले गरेको वार्षिक कारोबारको आधारमा संघीय कानूनमा तोकिए बमोजिम सम्बन्धित सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

५६. **<u>सहकारी प्रवर्द्धन कोषः</u>** (१) सहकारी संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नका लागि दफा ५४ बमोजिम जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम सहकारी प्रवर्द्धन कोषमा वार्षिक रूपमा जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

५७. **<u>अन्य कोष सम्बन्धी व्यबस्थाः</u>** (१) यस परिच्छेदमा अन्यत्र उल्लिखित कोषका अतिरिक्त सहकारी संस्थामा सहकारी शिक्षा कोष, शेयर लाभांश कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरूको व्यवस्था हुनुपर्ने ।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ।

तर, एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको अठार प्रतिशत भन्दा बढी हुनेछैन ।

(३) सहकारी वचत तथा कर्जा सुरक्षण कोष, स्थिरीकरण कोष, आपसी सुरक्षण सेवा संचालन कोष तथा तोकिए बमोजिम थप कोषहरु रहनेछन ।

## परिच्छेद - १०

## अभिलेख र सूचना

५८. **अभिलेख राख्नु पर्नेः** (१) सहकारी संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समितिका बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ ।

(२) सहकारी संस्थाले आफूले गरेको सम्पूर्ण कारोबारको लेखाको अभिलेख तथा अन्य आवश्यक अभिलेख तोकिए बमोजिम सुरक्षित साथ राख्नुपर्नेछ ।

५९. **विवरण उपलब्ध गराउनु पर्नेः** (१) सहकारी संस्थाले प्रत्येक वर्ष देहायका विवरण सहितको प्रतिवेदन तोकिएको समयभित्र दर्ता अधिकारी समक्ष पेश गर्नुपर्नेछः

(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,

(ख) वार्षिक कार्यक्रम, नीति तथा योजना,

(ग) खूद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

(ङ) साधारण सभाको बैठकसम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयरपूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,

(ज) दर्ता अधिकारीले समय समयमा तोकि दिएका अन्य विवरण ।

(२) दर्ता अधिकारीले उपदफा (१) बमोजिम प्राप्त विवरण सहितको प्रतिवेदन एकमुष्ट रूपमा तोकिएको समयभित्र प्रदेश सरकारको सहकारी विषय हेर्ने मन्त्रालयमा अनिवार्य रूपामा पठाउनु पर्नेछ ।

## परिच्छेद - ११

## लेखा र लेखापरीक्षण

६०. **कारोबारको लेखाः** सहकारी संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्ट रूपमा देखिने गरी प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउन्टिङ स्टयाण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ ।

६१. **लेखापरीक्षणः** (१) सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै सहकारी संस्थाले लेखापरीक्षण नगराएको पाइएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाको लेखापरीक्षण इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनुपर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि सञ्चालक समिति मार्फत अनिवार्य रुपमा साधारण सभा समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणका लागि साधारण सभाले दफा ६२ को अधिनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ ।

६२. **लेखापरीक्षकको नियुक्तीः** (१) सहकारी संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षक साधारण सभाले लेखापरीक्षक नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त लेखापरीक्षकको पारिश्रमिक तथा सुविधा साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन ।

६३. **लेखापरीक्षकमा नियुक्त हुन नसक्नेः** (१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भईसकेको भए सो पदमा बहाल रहन सक्ने छैनः

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित सहकारी संस्थाको सदस्य,

(ग) सोही सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखा परीक्षण सम्बन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(छ) दफा ६२ को उपदफा (३) बमोजिमको व्यक्ति, फर्म वा कम्पनी,

(ज) सम्बन्धित सहकारी संस्था वा संघसँग स्वार्थ बाझिएको व्यक्ति ।

(२) लेखा परीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुरा सहकारी संस्थालाई तोकिए बमोजिम लिखित रूपमा जानकारी गराउनु पर्नेछ ।

(३) कुनै लेखा परीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै सहकारी संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा सहकारी संस्थाको लेखा परीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखा परीक्षण गर्नुपर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रूपमा सहकारी संस्थालाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कुनै परिस्थिति उत्पन्न भएमा सम्बन्धित सहकारी संस्थाको साधारण सभाले दफा ६२ बमोजिम नयाँ लेखापरीक्षकको नियुक्ति गर्नु पर्नेछ ।

(५) यस दफाको प्रतिकूल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।

## परिच्छेद - १२

## ऋण असूली तथा बाँकी बक्यौता

६४. **ऋण असूल गर्ने:** (१) कुनै सदस्यले सहकारी संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको साँवा, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित सहकारी संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सक्नेछ ।

(२) कुनै सदस्यले सहकारी संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असूल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सकिनेछ।

(४) यस दफा बमोजिम साँवा, ब्याज र हर्जाना असूल उपर गर्दा लागेको खर्चको रकम तथा असूलउपर भएको साँवा, व्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम कुनै सहकारी संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नका लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्था आफैंले सकार गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ ।

(८) ऋण असूली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६५. **<u>बाँकी बक्यौता असूल उपर गर्ने:</u>** कसैले सहकारी संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज समेत दर्ता अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट तोकिए बमोजिम असूल उपर गरिदिन सक्नेछ ।

६६. **कालो सूची सम्बन्धी व्यवस्थाः** (१) सहकारी संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा भाखा भित्र ऋणको साँवा व्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित कालो सूची प्रकाशन गर्न सकिनेछ ।

(२) कालो सूची प्रकाशन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६७. **कर्जा सूचना केन्द्रः** (१) सहकारी संस्थाको कर्जा प्रवाहमा शुद्धता कायम गरी कर्जा प्रवाह सम्बन्धी सूचना प्राप्त गर्ने समेतका कार्य गर्न मन्त्रालयले सरोकारवालाको सहभागितामा एक कर्जा सूचना केन्द्रको स्थापना गर्नेछ ।

(२) कर्जा सूचना केन्द्र सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६८. **कर्जा असूली न्यायधिकरणः** (१) सहकारी क्षेत्रका लागि एक कर्जा असुली न्यायधिकरण रहनेछ ।

(२) कर्जा असुली न्यायधिकरणको गठन र सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६९. **रोक्का राख्न लेखी पठाउनेः** (१) सहकारी संस्थाले दफा ६४ र ६५ को प्रयोजनका लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्काका लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राखी दिनुपर्नेछ ।

७०. **अग्राधिकार रहनेः** कुनै व्यक्तिले सहकारी संस्थालाई तिर्नुपर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको कुनै हक दाबी भए त्यसका लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा सहकारी संस्थाको अग्राधिकार रहनेछ ।

७१. **कारबाही गर्न बाधा नपर्नेः** कुनै सहकारी संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारबाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारवाही चलाउन रोक लगाएको मानिने छैन ।

## परिच्छेद - १३

## एकीकरण, बिघटन तथा दर्ता खारेज

७२. **एकीकरण तथा विभाजन सम्बन्धी व्यवस्थाः** (१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी सहकारी संस्थाहरू एक आपसमा गाभी एकीकरण गर्न वा एक सहकारी संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी सहकारी संस्थामा विभाजन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित सहकारी संस्थाको कूल कायम रहेका सदस्य संख्याको बहुमतबाट निर्णय हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्तहरु तोकिए बमोजिम हुनेछ ।

(४) एकीकरण वा विभाजन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७३. **विघटन र दर्ता खारेजः** (१) कुनै सहकारी संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका बहुमत सदस्यको निर्णयबाट त्यस्तो सहकारी संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता अधिकारी समक्ष निवेदन दिन सक्नेछः

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन छानबिन गर्दा त्यस्तो सहकारी संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता अधिकारीले देहायको अवस्थामा सहकारी संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै सहकारी संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा ।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थालाई सुनुवाईका लागि पन्ध्र दिनको समयावधि दिनुपर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम सहकारी संस्थाको दर्ता खारेज भएमा त्यस्तो सहकारी संस्था विघटन भएको मानिनेछ ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता अधिकारीले प्रदेश सरकारले तोकेको सीमा भन्दा बढी रकम अनुदान प्राप्त गरेको संस्था वा संघको दर्ता खारेज गर्नु अघि मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(७) उपदफा (२) वा (३) बमोजिम कुनै सहकारी संस्था वा संघको दर्ता खारेजी भएमा त्यस्तो संस्था वा संघको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

७४. **लिक्वीडेटरको नियुक्तिः** (१) दफा ७३ बमोजिम कुनै सहकारी संस्थाको दर्ता खारेज भएमा दर्ता अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी सम्बन्धी प्रचलित कानूनमा तोकिएको सीमासम्मको सम्पत्ति भएको सहकारी संस्थाको हकमा दर्ता अधिकारीले कुनै अधिकृतस्तरको कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।

(३) लिक्वीडेसन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७५. **<u>लिक्वीडेशन पछिको सम्पत्तिको उपयोगः</u>** कुनै सहकारी संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग संघीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद - १४

## <u>दर्ता अधिकारी</u>

७६. **<u>दर्ता अधिकारीः</u>** (१) यस ऐन अन्तर्गत सहकारी संस्थाको दर्ता, नियमन लगायतका अन्य सम्पूर्ण कार्य सम्पादन गर्नेगरी मन्त्रालयले राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको अधिकृत कर्मचारीलाई दर्ता अधिकारीको रूपमा तोक्नु पर्नेछ ।

(२) दर्ता अधिकारीलाई कार्यसम्पादनमा सहयोग गर्न चाहिने आवश्यक कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

७७. **<u>दर्ता अधिकारीको काम, कर्तव्य र अधिकारः</u>** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता अधिकारीलाई प्राप्त अधिकारमध्ये केही अधिकार आफू मातहतको अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद - १५

## निरीक्षण तथा अनुगमन

७८. **निरीक्षण तथा हिसाब किताब जाँच गर्ने:** (१) दर्ता अधिकारीले सहकारी संस्थाको जुनसुकै वखत तोकिए बमोजिम निरीक्षण तथा हिसाब जाँच गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा दर्ता अधिकारीले तोकिए बमोजिम माग गरेको जानकारी सम्बन्धित सहकारी संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै सहकारी संस्थाको काम कारबाही यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता अधिकारीले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(४) नेपाल राष्ट्र बैङ्कले सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताबको जाँच गर्नेसम्बन्धी व्यवस्था सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(५) उपदफा (४) बमोजिम सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताबको जाँच गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैङ्कले मन्त्रालयलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

७९. **छानबिन गर्न सक्ने:** (१) कुनै सहकारी संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरित काम भएको वा सो

संस्थाको उद्देश्य विपरित कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा पाँच प्रतिशत सदस्यले छानबिनको लागि निवेदन दिएमा दर्ता अधिकारीले त्यस्तो संस्थाको छानबिन गर्न, गराउन सक्नेछ । त्यस्तो छानविन गर्दा सम्बन्धित विषयगत संघ, जिल्ला संघ, प्रदेश विषयगत संघ र प्रदेश सहकारी संघको सहयोग लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानबिनको जानकारी सम्बन्धित सहकारी संस्थालाई लिखित रूपमा दिनु पर्नेछ ।

८०. **बचत तथा ऋणको कारोबार गर्ने संस्था वा संघको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्थाः** (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था वा संघले अवलम्बन गर्ने अनुगमन प्रणाली सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(२) दर्ता अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्था वा संघको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्था वा संघको निरीक्षण तथा अनुगमन दर्ता अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैङ्क लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ ।

८१. **मन्त्रालयले निरीक्षण तथा अनुगमन गर्नेः** (१) दर्ता अधिकारीबाट कुनै सहकारी संस्थाको निरीक्षण नभएको वा त्यस्तो निरीक्षण प्रभावकारी नभएकाले सदस्यको हितमा प्रतिकूल असर परेको भनी कुनै स्रोतबाट जानकारी हुन आएमा मन्त्रालयले त्यस्तो संस्थाको तोकिए बमोजिम निरीक्षण तथा अनुगमन गरी सम्बन्धित सहकारी संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएमा त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

(३) मन्त्रालयले यस दफा बमोजिम भएको निरीक्षण तथा अनुगमन र दिइएको निर्देशनको सम्बन्धमा दर्ता अधिकारीलाई समेत जानकारी दिनु पर्नेछ ।

८२. **संघले निरीक्षण तथा अनुगमन गर्नुपर्नेः** (१) संघले आफ्ना सदस्यको काम कारबाहीको तोकिए बमोजिम निरीक्षण तथा अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालय तथा दर्ता अधिकारीलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू समावेश गर्नुपर्नेछः

(क) अनुगमन तथा निरीक्षण गरेको संस्था वा संघको विवरण,

(ख) संस्था वा संघमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम र विनियमको पालनाको अवस्था,

(ग) सदस्यहरूले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(घ) सदस्यहरूको सहभागिताको स्तर,

(ङ) संस्था वा संघको आर्थिक र वित्तीय अवस्था तथा कोषको परिचालन,

(च) तोकिए बमोजिमका अन्य व्यवस्था ।

(३) उपदफा (२) बमोजिम संघले अनुगमन गर्दा आफू मातहतका कुनै संस्था वा संघको काम कारबाहीमा कुनै त्रुटि फेला परेमा त्यस्तो त्रुटि सच्याउन सम्बन्धित संस्था वा संघलाई सुझाब वा निर्देशन दिन सक्नेछ र त्यस्तो सुझाब वा निर्देशनको पालना गर्नु सम्बन्धित संस्था वा संघको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम दिएको सुझाव वा निर्देशनको पालना नभएमा दर्ता अधिकारी समक्ष कारबाहीको सिफारिश गर्नेछ ।

(५) उपदफा (३) बमोजिम दिएको सुझाव वा निर्देशन सम्बन्धी विषय संघको वार्षिक प्रतिवेदनमा समेत उल्लेख गर्नुपर्नेछ ।

८३. **वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने:** दर्ता अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सहकारी संस्थाको तोकिए बमोजिमको विवरण सहित निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद - १६

## समस्या ग्रस्त संस्था वा संघ

८४. **संस्था वा संघ समस्या ग्रस्त भएको घोषणा गर्न सकिनेः** (१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्था वा संघमा देहायको अवस्था विद्यमान रहेको देखिएमा दर्ता अधिकारीले त्यस्तो संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघको रूपमा घोषणा गर्न मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछः

(क) सदस्यको हित विपरीत हुनेगरी कुनै कार्य गरेको,

(ख) संस्था वा संघले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुनेगरी संस्था वा संघ सञ्चालन भएको,

(ङ) संस्था वा संघ दामासाहीमा पर्नसक्ने अवस्थामा भएको वा उल्लेखनीय रूपमा गम्भिर आर्थिक कठिनाई भोगिरहेको,

(च) कुनै संस्था वा संघले सदस्यको बचत रकम फिर्ता गर्नुपर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्था वा संघका कम्तीमा पच्चीस जना सदस्यहरूले दर्ता अधिकारी समक्ष निवेदन दिएकोमा छानबिन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्था वा संघलाई मन्त्रालयले समस्याग्रस्त संस्था वा संघ घोषणा गर्न सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम प्रदेश सरकारले गठन गरेको आयोगले कुनै संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघ घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजूरी संख्या, औचित्य समेतको आधारमा मन्त्रालयले त्यस्तो संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघ घोषणा गर्न सक्नेछ ।

८५. **व्यवस्थापन समितिको गठनः** (१) यस ऐन बमोजिम कुनै संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघ घोषणा गरिएकोमा त्यस्तो संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम व्यवस्थापन समिति गठनको लागि मन्त्रालयले प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ ।

(२) व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद - १७

## कसूर, जरिवाना तथा पुनरावेदन

८६. **कसूर, जरिवाना तथा पुनरावेदनः** कसूर, जरिवाना तथा पुनरावेदन सम्बन्धी व्यवस्था सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

८७. **<u>अनुसन्धानको लागि लेखी पठाउन सक्ने:</u>** दर्ता अधिकारी वा मन्त्रालयले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले सहकारी सम्बन्धी प्रचलित कानून बमोजिमको कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा प्रचलित कानून बमोजिम अनुसन्धान गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

## परिच्छेद - १८

## <u>सहकारी विकास बोर्ड</u>

८८. **<u>सहकारी विकास बोर्ड:</u>** (१) प्रदेश स्तरीय एक सहकारी विकास बोर्ड रहनेछ र यसको गठन तथा सञ्चालन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - १९

## <u>सहकारी विकास कोष</u>

८९. **<u>सहकारी विकास कोष:</u>** (१) सहकारी संघ संस्थाको विकास तथा प्रवर्द्धनका लागि एक सहकारी विकास कोष स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषबाट सहकारी मार्फत उत्पादन, प्रशोधन, भण्डारण, वजारीकरण, रोजगारी तथा व्यवसायिकता वृद्धिमा तोकिए बमोजिम लगानी गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको सहकारी विकास कोषमा देहाय बमोजिमको रकम रहनेछ:

(क) संघीय सरकारबाट प्राप्त रकम ।

(ख) प्रदेश सरकारबाट प्राप्त रकम ।

(ग) स्थानीय सरकारबाट प्राप्त रकम ।

(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम ।

(ङ) सहकारी संघ संस्थाबाट प्राप्त रकम ।

(च) सहकारी कोषको लगानीबाट प्राप्त ब्याज रकम ।

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(४) उपदफा (१) बमोजिमको सहकारी विकास कोषको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - २०

## छुट, सुविधा र सहुलियत

९०. **छुट, सुविधा र सहुलियतः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थालाई देहाय बमोजिमको छुट, सुविधा र सहुलियत प्राप्त हुनेछ ।

(क) सहकारी संस्थाले अचल सम्पत्ति बाहेक कारोबार सम्बन्धी कुनै लिखत रजिष्ट्रेशन गर्नु, गराउनु पर्ने छैन ।

(ख) सहकारी संस्थाले ऋण लगानी गर्दा वा जमानत बापत राखेको जग्गा दृष्टि बन्धक पारित गर्दा कुनै पनि शुल्क लाग्ने छैन ।

(ग) सहकारी संस्थाले आफ्नो कार्यालय तथा सेवा केन्द्रको भवन निर्माणका लागि आवश्यक पर्ने जग्गा जमिन लगायतका अचल सम्पत्ति खरीद गर्दा आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

तर, व्यवसायिक प्रयोजनका लागि जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा प्रचलित कानून बमोजिम आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(२) रजिष्ट्रेशन दस्तुर छुट प्राप्त गरी खरिद गरिएको जग्गा जमिन लगायतका अचल सम्पत्ति प्रयोग नगरी बिक्री गरेमा सो बापत छुट पाएको रजिष्ट्रेशन दस्तुर फिर्ता गर्नु पर्नेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले दफा ५४ को उपदफा (२) को खण्ड (क) बमोजिम जगेडा कोषमा छुट्याएको रकम, दफा ५५ को उपदफा (२) बमोजिम संरक्षित पूँजी फिर्ता कोष र दफा ५६ को उपदफा (२) बमोजिम सहकारी प्रवर्द्धन कोषमा जम्मा गरेको रकममा आयकर लाग्ने छैन ।

तर संरक्षित पूँजी फिर्ता कोषबाट सदस्यले प्राप्त गरेको रकममा सदस्यको कर दायित्वका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

(४) सहकारी संस्थालाई आफ्नो प्रयोगको लागि आयात गर्ने मेशिनरी, औद्योगिक तथा कृषियन्त्र, उपकरण, पार्टपूर्जा, कच्चा पदार्थ तथा ढुवानीका साधनहरूमा लाग्ने भन्सार महसुल वा मूल्य अभिवृद्धि कर प्रचलित कानून बमोजिम छुट दिन सक्नेछ ।

(५) सहकारी संस्थाले उत्पादन गरेको माल सामानमा लाग्ने अन्तःशुल्क वा मूल्य अभिवृद्धि कर प्रचलित कानून बमोजिम आंशिक वा पुरै छुट दिन सक्नेछ ।

(६) सहकारी संस्थाले उत्पादन गरेको वस्तु निकासी गर्दा त्यस्तो वस्तुमा लाग्ने निकासी कर छुट र उद्योगलाई दिए सरह प्रचलित कानून बमोजिम निकासी नगद अनुदान दिन सक्नेछ ।

(७) यस दफामा उल्लिखित छुटहरूका अतिरिक्त औद्योगिक व्यवसाय गर्ने सहकारी संस्थालाई प्रचलित कानून बमोजिम उद्योगले पाए सरहको र पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन वा विशेष उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने सहकारी संस्थालाई प्रचलित कानून बमोजिम त्यस्तो उद्योग, व्यवसाय वा सेवाले पाए सरहको छुट, सुविधा र संरक्षण समेत प्राप्त हुनेछ ।

(८) प्रदेश सरकार वा स्थानीय तहले विपन्न ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भूमिहिन कृषक, बेरोजगार, श्रमिक र दलित तथा अल्पससंख्यक जनजाति समेतका सीमान्तकृत समूहको सहकारी खेतीपाती वा सदस्यको श्रम वा सीपमा आधारित स्वरोजगारीका उद्योग धन्दा प्रवर्धन गर्न प्रचलित कानून बमोजिम लाग्ने जुनसुकै कर आंशिक वा पुरै छुट दिन, बीउ पुँजी, लागत सहभागिता अनुदान, सहुलियत पूर्ण ऋण लगायतको विशेष वित्तीय सुविधा तथा प्राविधिक टेवा प्रदान गर्न सक्नेछ ।

(९) यस दफा बमोजिमको छुट, सुविधा र सहुलियत प्राप्ति सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - २१
## विविध

९१. **मताधिकारको प्रयोगः** कुनै सदस्यले सहकारी संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ ।

९२. **सामाजिक परीक्षण गराउन सक्नेः** (१) सहकारी संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टीको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा तोकिए बमोजिमको ढाँचामा सामाजिक परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलका लागि समितिले साधारण सभा समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित सहकारी संस्थाले दर्ता अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

९३. **आर्थिक सहयोग गर्न नहुनेः** सहकारी संस्थाको रकम सदस्य बाहेक अरु कसैलाई सामाजिक कार्य बाहेक अन्य कार्यका लागि आर्थिक सहयोग गर्न पाइने छैन ।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि "सामाजिक कार्य" भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रवर्द्धन सम्बन्धी कार्यलाई जनाउँछ ।

९४. **अन्तर सहकारी कारोबार गर्नसक्ने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सहकारी संस्थाहरूले एक आपसमा सहकारी मूल्य, मान्यता र सिद्धान्तको आधारमा रही अन्तर सहकारी कारोबार गर्न सक्नेछन् । यसरी कारोवार गर्दा एक सहकारीले अर्को सहकारीको सदस्यता लिनु पर्नेछ ।

९५. **ठेक्कापट्टा दिन नहुने:** सहकारी संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिन हुँदैन ।

९६. **विवाद समाधान:** सहकारी संस्थाका बीच कुनै विवाद उत्पन्न भएमा सो विवाद निरूपणका लागि तोकिए बमोजिम विवाद निरूपण समितिको गठन गर्न सकिनेछ ।

९७. **विभागीय कारबाही हुने:** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित अधिकारको बदनियतपूर्ण प्रयोग गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही हुनेछ ।

९८. **सरकारी बाँकी सरह असूल उपर हुने:** कुनै सहकारी संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरूपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

९९. **प्रचलित कानून बमोजिम हुने:** यस ऐनमा उल्लेख भएका व्यवस्थाका अतिरिक्त अन्य विषय प्रचलित कानून बमोजिम हुनेछन् ।

१००. **कम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुने:** यस ऐन अन्तर्गत दर्ता भएको सहकारी संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागू हुने छैन।

१०१. **प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने:** यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन ।

१०२. **सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानुनी व्यवस्थाको पालना गर्नु पर्ने:** सहकारी संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी प्रचलित कानूनको व्यवस्थाका साथै तत्सम्बन्धमा नेपाल सरकारले जारी गरेको मापदण्ड र नेपाल राष्ट्र बैङ्कको वित्तीय जानकारी इकाईबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नु पर्नेछ ।

१०३. **साझेदारी गर्नसक्ने:** सहकारीमार्फत आर्थिक समृद्धि प्राप्त गर्न प्रदेश सरकार र सहकारी संस्थाहरूले साझेदारीमा विकासका आयोजना सञ्चालन गर्न सक्नेछन् ।

१०४ **कर सम्बन्धी व्यवस्था:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रभित्र सञ्चालित वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरूलाई क्रमश दश प्रतिशत, सात प्रतिशत र पाँच प्रतिशत कर लाग्नेछ ।

तर गाउँपालिका क्षेत्रभित्र सञ्चालित वित्तीय कारोबार गर्ने सहकारी संस्थालाई भने कर लाग्ने छैन ।

१०५. **कार्यक्रम सञ्चालन गर्न सक्ने:** प्रदेश सरकारले सहकारी संस्थाको प्रवर्द्धन, प्रशिक्षण, सहकारी शिक्षा, व्यवसायिकता विकास र क्षमता विकास गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१०६. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले नियम बनाउन सक्नेछ ।

१०७. **मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमका अधीनमा रही सहकारी संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न मन्त्रालयले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार दर्ता अधिकारी, नेपाल राष्ट्र बैङ्क, प्रदेश सहकारी संघ, प्रदेश विषयगत संघ र सम्बन्धित अन्य निकायको परामर्श लिन सकिनेछ ।

अनुसूची - १

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

**<u>दर्ता दरखास्तको निवेदनः</u>**

श्री दर्ता अधिकारीज्यू,　　　　　　　　　मिति .........................

.............................

**विषयः सहकारी संस्था दर्ता सम्बन्धमा ।**

महोदय,

हामी देहायका व्यक्तिहरू देहायको सहकारी संस्था दर्ता गरी पाउन तपसिल बमोजिमको विवरण तथा अन्य कागजात सहित ...... प्रदेश सहकारी ऐन, २०७५ को दफा ११ को उपदफा (१) बमोजिम यो निवेदन पेश गरेका छौं ।संस्थाले उद्देश्य अनुरूप तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेश गरेका छौं ।

**संस्था सम्बन्धी विवरणः**

(क) प्रस्तावित सहकारी संस्थाको नामः

(ख) ठेगानाः

(ग) उद्देश्यः

(घ) मुख्य कार्यः

(ङ) कार्यक्षेत्रः

(च) दायित्वः

(छ) सदस्य संख्याः

(१) महिलाः .......... जना

(२) पुरुषः .............. जना

(ज) प्राप्त शेयर पूँजीको रकमः

(झ) प्राप्त प्रवेश शुल्कको रकमः

## अनुसूची (२)

## (दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

## सहकारी संस्था दर्ता प्रमाण पत्रको नमूना

............ प्रदेश

दर्ता अधिकारीको कार्यालय

................., ...................

**सहकारी संस्था दर्ता प्रमाण पत्र**

दर्ता नंः

दर्ता मितिः

........... प्रदेश सहकारी ऐन, २०७५ को दफा १२ को उपदफा (१) बमोजिम ............. ....... लाई सीमित दायित्व भएको सहकारी संस्था दर्ता गरी स्वीकृत विनियम सहित यो **प्रमाण पत्र** प्रदान गरिएको छ ।

सहकारी संस्थाको वर्गीकरणः .................................

**दर्ता गर्ने अधिकारीको,**

दस्तखतः

नामः

दर्जाः

कार्यालयको छाप

प्रमाणीकरण मितिः २०७६/०२/१४

**आज्ञाले,**

**केशवराज आचार्य**

**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय